# मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७७/०७८ मितिः २०७७/१०/१२

च.नं. १२२९८

श्री सबै सहकारी संस्था लि.हरू,

मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक ।

विषयः COPOMIS मा आबद्ध हुने र आबद्धताको लागि पेश गर्नुपर्ने विवरणहरू सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत कार्यक्षेत्र भएका सहकारी संस्थाले सहकारी विभाग, नयाँ बानेश्वरबाट सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS Software) मा आबद्धताको लागि User ID र Password नलिएका संस्थाले लिने र सोमा आबद्धताको लागि आवश्यक पर्ने तपशिल बमोजिमका विवरणहरू यो सूचना जारी भएको मितिले १५ दिन भित्र यस कार्यालयमा उपलब्ध गराउनु हुन अनुरोध छ । अन्यथा COPOMIS मा कागजात प्रविष्टि गर्ने कार्यमा बाधा हुने भएकोले प्रचलित सहकारी ऐन र नियमावली बमोजिम भईजाने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

नोटः प्राप्त अभिलेखहरू विभागबाट खटिएको कर्मचारीहरूले विभागको डाटावेसमा प्रविष्टि गर्ने भएकोले समयमै विवरण प्राप्त नभएमा विभागको अभिलेखमा सहकारीको नाम दर्ता छुट हुन जाने व्यहोरा अवगत गराइन्छ ।

तपशिलः

१. दर्ता प्रमाणपत्र र पान (PAN) कार्ड,
२. विनियम (संशोधित विनियम भएमा संशोधन सहित),
३. पछिल्लो साधारण सभा र लेखापरीक्षण प्रतिवेदनको विवरण,
४. पछिल्लो आ.व.को करचुक्ताको प्रमाणपत्र,
५. टेलिफोन नम्बर, मोबाइल नम्बर र सम्पर्क व्यक्ति (अध्यक्ष वा व्यवस्थापक),
६. संचालक, लेखा तथा सुपरीवेक्षण समितिको विवरण (तीनपुस्ते विवरण सहित शेयर विवरण) र शेयर सदस्यको विवरण,
७. चालु महिनाको मासिक प्रगति र समष्टिगत प्रगति,
८. सम्पत्ति शुद्धिकरणको विवरण,
९. स्वीकृत शाखा वा सेवा केन्द्र ।

२०७७/१०/१२

(इन्द्रराज खरेल)

प्रशासकीय अधिकृत

बोधार्थः

सूचना प्रविधि अधिकृत; सूचना वेवसाइटमा राख्न हुन ।

फोन नं. ०११-४०११४१, ०११-४०११४२ वेवसाइटः www.melamchimun.gov.np ई-मेल dms.melamchimun.@gmail.com